धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष

National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५८ ◆ २०८३ असार ३० गते मंगलबार, Tuesday, July 14, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## मलेखुका १० होटलमा अनुगमन, गुणस्तरहीन तेल र कृत्रिम खाद्य रङ प्रयोग नगर्न निर्देशन

❑ प्रत्यूष समाचारदाता

धादिङबेशी । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले धादिङको गजुरी गाउँपालिका-२ स्थित मलेखु क्षेत्रका १० वटा होटल तथा खाद्य व्यवसायमा गरेको संयुक्त अनुगमनका क्रममा अधिकांश व्यवसायमा खाद्य स्वच्छता, सरसफाइ, भण्डारण र कीट नियन्त्रणसम्बन्धी कमजोरी भेटिएको जनाएको छ । विभाग मातहतको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नुवाकोटसहितको टोलीले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम होटल तथा रेष्टुरेन्टहरूको अनुगमन गरेको हो । अनुगमनपछि सबै व्यवसायलाई देखिएका कमजोरी तत्काल सुधार गर्न निर्देशन दिइएको छ ।

अनुगमन प्रतिवेदनअनुसार अधिकांश होटलमा पाकेका तथा खान तयार गरिएका खाद्य पदार्थ खुला राखिएको पाइएको छ । फ्रिजमा भण्डारण गरिएका खाद्य सामग्रीमा लेबल नराखिएको, भान्सा खुला रहेको, सरसफाइ पर्याप्त नभएको तथा नियमित कीट नियन्त्रणको व्यवस्था नगरिएको समेत प्रतिवेदनमा उल्लेख छ ।

केही होटलमा खाद्य पदार्थ व्यवस्थित रूपमा भण्डारण नगरिएको, फोहोर खुला रूपमा राखिएको तथा कृत्रिम खाद्य रङ प्रयोग गरिएको पाइएको जनाइएको छ । अनुगमनका क्रममा केही होटलमा प्रयोग भइरहेको खाने तेलको गुणस्तर परीक्षण गर्दा टीपीएमको मात्रा २५ प्रतिशतभन्दा बढी देखिएको थियो । टोलीले त्यस्तो तेल खाद्य पदार्थ पकाउन प्रयोग नगर्न निर्देशन दिएको छ । एउटा होटलमा कृत्रिम खाद्य रङ प्रयोग भएको आशंकामा भेटिएको रङ नष्ट गराइएको प्रतिवेदनमा उल्लेख छ ।

अनुगमन टोलीले पाकेका खाद्य पदार्थ ढाकेर उचित तापक्रममा भण्डारण गर्न, फ्रिजमा राखिने सबै खाद्य सामग्रीमा उत्पादन तथा भण्डारणसम्बन्धी लेबल राख्न र भान्सालाई सुरक्षित एवं घेराबन्दी गर्न निर्देशन दिएको छ । त्यसैगरी, नियमित कीट नियन्त्रणको व्यवस्था मिलाउन, फोहोरको प्रभावकारी व्यवस्थापन गर्न, खाद्य स्वच्छताका मापदण्ड पालना गर्न तथा कृत्रिम खाद्य रङ र गुणस्तरहीन तेल प्रयोग नगर्न व्यवसायीहरूलाई निर्देशन दिइएको छ ।

अनुगमनमा सपना होटल, मुक्तिनाथ होटल एण्ड लज, श्रेष्ठ होटल, माछापुच्छ्रे होटल, भद्रकाली होटल, गौरीशंकर होटल, श्याम खाजा घर, गोरखाली होटल, झापाली भोजनालय एण्ड गेष्ट हाउस र दिपज्योती होटल समेटिएका थिए ।

विभागले खाद्य स्वच्छता र गुणस्तर उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित भएकाले होटल तथा रेष्टुरेन्ट सञ्चालकले निर्धारित मापदण्ड पालना गर्नुपर्ने जनाएको छ । विभागका अनुसार आगामी दिनमा पनि होटल तथा खाद्य व्यवसायको अनुगमनलाई निरन्तरता दिइनेछ ।

## लामो समयसम्म प्रगति नगरेका आयोजनाको अध्ययन गरिने

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले अनुमति लिएर लामो समयसम्म प्रगति नगरेका जलविद्युत् आयोजनाको अवस्था अध्ययन गरी वर्गीकरणका आधारमा आवश्यक निर्णय गरिने बताउनुभएको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालको नवनिर्वाचित कार्यसमितिलाई स्वागत गर्न सोमबार काठमाण्डौमा आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले वास्तविक लगानीकर्तालाई सरकारले पूर्ण सहयोग गर्ने बताउँदै अनुमति लिएर आयोजना अघि नबढाउने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने स्पष्ट पार्नुभयो ।

उहाँले कुनै पनि प्रवर्द्धकले लाइसेन्स (अनुमतिपत्र) लिएर बस्ने अभ्यास स्वीकार्य नहुने उल्लेख गर्दै इप्पानले पनि यस्ता गतिविधिको संरक्षण नगर्न आग्रह गर्नुभयो । ऊर्जा क्षेत्रका समस्या समाधानका लागि सबै विषयलाई एउटै रूपमा नभई प्राथमिकताका आधारमा वर्गीकरण गरी अघि बढ्नुपर्ने मन्त्री श्रेष्ठको भनाइ छ । विद्युत् ऐन आएपछि त्यससँगै आवश्यक नियमावली र निर्देशिका ल्याएर नीतिगत अन्योल अन्त्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । मन्त्री श्रेष्ठले विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिता विस्तार गर्ने तयारी भइरहेको उल्लेख गर्दै उत्पादनसँगै बजार व्यवस्थापन, विद्युत् खपत वृद्धि, प्रसारण तथा वितरण प्रणालीमा पनि निजी क्षेत्रको भूमिका बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

जलवायु परिवर्तनका कारण ऊर्जा उत्पादनको स्वरूप परिवर्तन भइरहेकाले भविष्यको ऊर्जा योजना ऊर्जा मिश्रण (इनर्जी मिक्स) को अवधारणामा आधारित हुनुपर्ने मन्त्री श्रेष्ठको धारणा छ । विद्युत् निर्यात विस्तारका लागि भारतस्थित नेपाली दूतावासमा ऊर्जा सहचारी नियुक्त गर्ने प्रस्ताव अघि बढाइएको जानकारी दिँदै ऊर्जा कूटनीति सुदृढ बनाउन सरकार सक्रिय रहेको उहाँले बताउनुभयो ।

मन्त्री श्रेष्ठले ऊर्जा क्षेत्रमा देखिएका नीतिगत तथा कार्या-न्वयनगत समस्या समाधानका लागि निजी क्षेत्रसँग सहकार्यमा उच्चस्तरीय संयन्त्र गठन गर्न आफू सकारात्मक रहेको बताउनुभयो । ऊर्जा क्षेत्रलाई मुलुकको आर्थिक रूपान्तरणसँग जोडेर 'इकोनोमिक इन्जिनियरिङ' को दृष्टिकोणबाट अघि बढाउनुपर्ने उल्लेख गर्दै सरकार र निजी क्षेत्रबीच नियमित संवाद र सहकार्य गरिने उहाँले बताउनुभयो । कार्यक्रममा इप्पानले ऊर्जा विकासमा देखिएका नीतिगत तथा संरचनागत समस्याको समाधानका लागि ३८ बुँदे सुझाव ऊर्जा मन्त्रालयसमक्ष पेस गरेको छ । संस्थाले निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति, प्रसारण लाइन निर्माणमा सहभागिता, विद्युत् ऐनलाई लगानीमैत्री बनाउने व्यवस्था, साझा प्रसारण लाइन निर्माण, अनुमतिपत्रको अवधि वृद्धि, विद्युत् खरिद सम्झौता (पिपिए) प्रणालीमा सुधार, विद्युत् खपत अभिवृद्धि, हरित ऊर्जा प्रवर्द्धन, वातावरणीय स्वीकृति प्रक्रियाका विषय समेटेर सुझाव दिएको हो ।

इप्पानका अध्यक्ष मोहन डाँगीले सरकारले नीतिगत सहजीकरण गरे निजी क्षेत्र मात्रैबाट आगामी १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय लक्ष्य पूरा गर्न सकिने दाबी गर्नुभयो । उहाँले पिपिएमा भइरहेको ढिलाइ, प्रसारण पूर्वाधारको अभाव, अन्तिम व्यापारिक मिति (आरसिओडी) नथपिने व्यवस्था, अनुमतिपत्र खारेजीलगायत विषयले लगानीकर्तामा अन्योल सिर्जना गरेको बताउँनुभयो ।

## सञ्चारमाध्यमसँगको सहकार्य घनिष्ठ बनाउने छौँः उपनेता पराजुली

❑ प्रत्यूष समाचारदाता

काठमाडौँ । राष्ट्रिय स्वतन्त्रता पार्टी (रास्वपा) संसदीय दलका उपनेता गणेश पराजुलीले आमसञ्चार माध्यमलाई नियन्त्रण गर्ने आफ्नो रास्वपाको कुनै पनि उद्देश्य नरहेको स्पष्ट पार्नुभएको छ । पार्टी संसदीय दलले सोमबार संसदीय मामिला विषयसँग सम्बद्ध पत्रकारहरूसँग गरेको छलफलमा उहाँले लोकतन्त्रलाई बलियो बनाउन सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

रास्वपाका प्रमुख सचेतक कविन्द्र बुर्लाकोटीले आफूहरू जनताले दिएको जनमत अनुसार परिणाममुखी काम गर्न लागिपरेको उल्लेख गर्दै सञ्चार माध्यमलाई सकारात्मक काममा सहयोग गर्न आग्रह गर्नुभयो । रास्वपाका सचेतक प्रकाशचन्द्र परियारले आफूहरूले सञ्चारमाध्यमसँगको सहकार्यलाई घनिष्ठ बनाइ संसदीय प्रक्रियामा काम गर्ने बताउनुभयो । संसदीय मामिला पत्रकार समाजका अध्यक्ष मनोज सत्याल, अनलाइन टिभी पत्रकार सङ्घका अध्यक्ष जीवन भण्डारीलगायतले संसदीय अभ्यासमा सञ्चारकर्मीको भूमिकाबारे प्रकाश पार्दै सोसम्बन्धी अनुभव आदानप्रदान गर्नुभयो । छलफलमा महिला तथा सामाजिक समितिका सभापति आकृति अवस्थी, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकाल, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति ओजस्वी शेरचन, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति रहबर अन्सारी, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सभापति सुम्नीमा उदास, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति (संयुक्त) का सभापति गणेश कार्की, कानुन न्याय तथा मानवअधिकार समितिका सभापति समीक्षा बास्कोटा, संसदीय सुनुवाई समिति (संयुक्त) का सभापति बोधनारायण श्रेष्ठलगायतको सहभागिता थियो ।

## अर्थमन्त्रीको अवैतनिक राजस्व सल्लाहकारमा अर्याल

काठमाडौँ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेको अवैतनिक राजस्व सल्लाहकारमा एफसिए भोजन अर्याल नियुक्त हुनुभएको छ । मन्त्रीस्तरीय निर्णयअनुसार अर्थमन्त्री डा वाग्लेले सोमबार उहाँलाई राजस्व क्षेत्र हेर्ने गरी अवैतनिक सल्लाहकारमा नियुक्त गर्नुभएको हो ।

मन्त्रालयमा आयोजित एक कार्यक्रममा एफसिए अर्याललाई अर्थमन्त्री डा वाग्लेले नियुक्तिपत्र प्रदान गर्दै सरकारको १६ खर्ब राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न अर्यालको विज्ञता र दक्षताको इमानदारी पूर्वक सल्लाह तथा भूमिकाको अपेक्षा गरिएको बताउनुभयो ।

नवनियुक्त राजस्व सल्लाहकार अर्यालले सरकार र अर्थमन्त्रीको विश्वासलाई आफ्नो दक्षता र अनुभवको माध्यमबाट नतिजामा देखाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । स्याङ्जा स्थायी घर भएका अर्याल १५ वर्षदेखि लेखापरीक्षण सेवा तथा परामर्शदाताका रूपमा सक्रिय हुनुहुन्छ ।

## कांग्रेस नीति तथा प्रतिष्ठानमा छ उपसमितिका संयोजक चयन

पाटन । नेपाली कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानमा ६ उप समितिको संयोजक चयन गरिएको छ ।

प्रतिष्ठानका संयोजक एवं पार्टी उप-सभापति विश्वप्रकाश शर्माले सङ्गठनलाई थप प्रभावकारी बनाउन सोमबार (हिजो) छ वटा उपसमिति गठन गरी संयोजकको जिम्मेवारी तोक्नुभएको हो ।

उहाँले अपाङ्गता संवाद, समन्वय र सशक्तिकरण उप-समितिमा प्रकाश पन्थ, आदिवासी जनजाति संवाद, समन्वय र सशक्तिकरण उप-णमितिमा रेशम गुरुङ, दुर्व्यसनमुक्त समाजका लागि सचेतना र समन्वय उपसमितिमा डा डीबी सुनार तथा पूर्वआप्रवासी समन्वय तथा अभिप्रेरणा अभियान उपसमितिमा विज्ञान प्रसाईंलाई संयोजकको जिम्मेवारी दिइएको बताउनुभयो । यस्तै सार्थक सम्प्रेषण उप-समितिमा मोहन गजुरेल र कृषि तथा कृषि उद्यम उपसमितिमा सिताराम काफ्लेलाई संयोजकको जिम्मेवारी दिइएको छ । उपसभापति शर्माको अध्यक्षतामा यही असार २५ र २६ गते बसेको बैठकको निर्णयानुसार उहाँहरुलाई उपसमितिको संयोजक तोकिएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो । बैठकले उपसमिति संयोजकहरुको मनोनयनका साथै प्रतिष्ठानको आगामी कार्यदिशा र विविध विषयमा समेत महत्वपूर्ण निर्णय गरेको सो पार्टीले जनाएको छ ।

## सुकुमवासीलाई सीप विकास तथा रोजगारी दिइने

काठमाडौँ । सरकारले देशभरका होल्डिङ सेन्टरमा रहेका सुकुमवासी युवालाई लक्षित गरी विशेष रोजगारीको योजना ल्याउने भएको छ । बोडेस्थित होल्डिङ सेन्टरमा सुकुमवासीसँग भेट गर्दै युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले सुकुमवासी लाई रोजगारी सुनिश्चित गर्न आवश्यकता पहिचान गरी सोहीअनुसारको सीप विकास तथा रोजगार कार्यक्रम ल्याइने प्रतिबद्धता जनाउनुभयो । यस कार्यक्रमले युवालाई आर्थिक रूपमा सबल बनाउन मद्दत गर्नेछ", मन्त्री यादवले भन्नुभयो । यसका लागि युवा, रोजगार तथा श्रम मन्त्रालयको आन्तरिक रोजगार महाशाखा र त्यसअन्तर्गत शाखाले गृहकार्य गरिरहेका छन् । सुकुमवासी युवालाई लक्षित गरेर सीप, क्षमता विकास तथा रोजगारीसँग जोडिने कार्यक्रम सञ्चालन गरिनेछ ।

## बुद्धशान्तिमा पाँच परिवारलाई लालपुर्जा वितरण

काठमाडौं । जिल्ला भूमि समस्या समाधान समिति झापाले बुद्धशान्ति गाउँपालिकामा पाँच अव्यवस्थित बसोबास गरिरहेका परिवारलाई जग्गाधनी पुर्जा वितरण गरेको छ ।

समितिले सार्वजनिक गरेको विवरण अनुसार केही जग्गा आवास प्रयोजनका लागि रहेका छन् भने केही जग्गा कृषि प्रयोजनका छन् । लामो समयदेखि आफ्नो नाममा जग्गाको स्वामित्व नपाएका स्थानीय जग्गाधनी पुर्जा प्राप्त गरेपछि पाँच अव्यवस्थित परिवार कानुनी रूपमा जग्गाधनी बनेका हुन् । सरकारले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानलाई उच्च प्राथमिकतामा राखेको छ । यसअघि सरकारले बर्दियाको बढैयातालका २९ भूमिहीन परिवारलाई लालपुर्जा वितरण गरेको थियो । भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन रूपमा समाधान गर्दै उहाँहरूलाई कानुनी रूपमा जग्गाधनी बनाउने सरकारको लक्ष्यअनुसार लालपुर्जा वितरणलाई थप प्रभावकारी रूपमा अघि बढाइएको भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

## सम्पादकीय ....

### नागरिकरले अनुभूत गरुन्

आज पनि नेपालभरका नागरिकहरू नागरिकता, जन्मदर्ता, विवाह दर्ता, नाता प्रमाणित लगायतका कागजात स्थानीय तहबाट प्रमाणित गरेपछि अन्तिम कन्सुलर प्रमाणीकरणका लागि काठमाडौंस्थित परराष्ट्र मन्त्रालय पुग्न बाध्य छन् ।

विदेशमा प्रयोग हुने अधिकांश कागजातका लागि परराष्ट्र मन्त्रालयको प्रमाणीकरण अनिवार्य हुने भएकाले हजारौं नागरिकले लामो दूरीको यात्रा गर्नुपर्ने, होटल खर्च, यातायात खर्च तथा समयको ठूलो नोक्सानी बेहोर्नुपरेको छ ।

मनसुनका समयमा बाढी, पहिरो, सडक दुर्घटना तथा अन्य जोखिमसमेत झेल्दै नागरिकहरू काठमाडौं पुग्न बाध्य छन् । अझ कतिपय अवस्थामा परिवारका सदस्यहरू आफैं उपस्थित हुनुपर्ने बाध्यता हुँदा वृद्धवृद्धा, महिला तथा बालबालिकासमेत दुःख पाउनुपरेको छ ।

यदि राहदानी सेवा ७७ जिल्लाबाट उपलब्ध हुन सक्छ भने परराष्ट्र मन्त्रालयको कन्सुलर प्रमाणीकरण सेवा पनि कम्तीमा पोखरा, चितवन र दाङ जस्ता स्थानमा विस्तार गर्न किन सकिदैन ? यसका लागि ठूलो बजेट वा नयाँ संरचना आवश्यक पर्दैन । परराष्ट्र मन्त्रालयका केही कर्मचारीलाई क्षेत्रीय रूपमा परिचालन गरेर पनि सेवा विस्तार गर्न सकिन्छ ।

यसबाट काठमाडौंको अत्यधिक चाप कम हुने, नागरिकहरूको समय र खर्च बच्ने, दुर्घटनाको जोखिम घट्ने तथा क्षेत्रीय विकासलाई समेत सहयोग पुग्नेछ । साथै, होटल, यातायात र सरसफाइसँग सम्बन्धित काठमाडौंका धेरै समस्यामा पनि सकारात्मक प्रभाव पर्न सक्छ ।

यस्तै समस्या जापानी भिसा सेवा, दक्षिण कोरियाको ईपीएस प्रक्रिया तथा अन्य अन्तर्राष्ट्रिय सेवाहरूमा पनि देखिएको छ, जहाँ अधिकांश नागरिक काठमाडौं धाउन बाध्य छन् । सम्बन्धित देशका दूतावास तथा नेपाल सरकारबीच समन्वय गरी सेवा विकेन्द्रीकरण गर्न सकिए लाखौं नेपालीले प्रत्यक्ष राहत पाउन सक्नेछन् । त्यसैले यो आग्रह राष्ट्रिय स्वतन्त्र पार्टीका नेता, सांसद, मन्त्री, कार्यकर्ता र समर्थकहरू सबैका लागि हो। यदि हामी साँच्चिकै परिवर्तन चाहन्छौं भने सामाजिक सञ्जालमा एकअर्कालाई गाली गर्नु वा पार्टीको अन्धसमर्थन गर्नु मात्र पर्याप्त हुँदैन । जनताले दैनिक रूपमा भोगिरहेका समस्याहरू सम्बन्धित नेतृत्वसमक्ष पुऱ्याउने र समाधानका लागि दबाब सिर्जना गर्ने दायित्व पनि हामी सबैको हो ।

प्रधानमन्त्री, परराष्ट्र मन्त्री, गृह मन्त्री, कानुन मन्त्री तथा श्रम मन्त्रीलाई यस विषयमा पत्राचार गरिसकेको अवस्था छ, तर यी विषयहरूलाई अझ गम्भीरतापूर्वक लिएर पार्टीभित्र, संसदमा तथा सम्बन्धित मन्त्रालयहरूमा प्राथमिकताका साथ उठाउन आवश्यक देखिन्छ । परिवर्तन केवल ठूला भाषण, नाराबाजी वा सामाजिक सञ्जालका बहसबाट मात्र सम्भव हुँदैन । जनताको दैनिक जीवनलाई सहज बनाउने यस्ता व्यावहारिक सुधारहरू नै वास्तविक परिवर्तनका आधार बन्न सक्छन् । रास्वपाले पनि यही दिशामा आफ्नो ध्यान केन्द्रित गर्न सके जनताले अपेक्षा गरेको परिवर्तनको अनुभूति गर्न सक्नेछन् ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## बदलिँदो मौसमले फेरिएको किसानको 'क्यालेन्डर'



जनक श्रेष्ठ

कुनै समय असार लागेसँगै खेतमा रोपाइँको चहलपहल बढ्थ्यो । असारभित्रै अधिकांश खेतमा धान रोपाइँ सकिन्थ्यो । साउन लाग्दा नलाग्दै रोपाइँ भएको खेत हरियाली छाएको देखिने किसानको परम्परागत क्यालेन्डर थियो । तर पछिल्ला वर्षमा मौसममा आएको परिवर्तनसँगै रोपाइँ हुने समय असारमा वर्षाद् नहुँदा पानीको अभावमा किसानको विगतको 'क्यालेन्डर' फेरिन थालेको छ ।

यो वर्ष असार सकिन लाग्दा खोला र खोल्सामा पानी नहुँदा अहिलेसम्म लमजुङका धेरै खेतमा रोपाइँ हुन सकेको छैन । अझै पनि किसान पानी पर्ने आशामा आकाशतिर हेरिरहेका छन् । धान रोपाइँको मुख्य समय मानिने असारको अन्त्यसम्म पनि जिल्लामा अपेक्षित रूपमा रोपाइँ हुन नसक्दा कतिपय किसान चिन्तित छन् । समयमा पर्याप्त वर्षा नहुँदा सिँचाइ सुविधा नभएका क्षेत्रका किसान बढी प्रभावित भएका छन् । कतिपय स्थानमा खोलाको पानी, कुलो तथा अन्य वैकल्पिक स्रोत प्रयोग गरेर रोपाइँ भइरहेको छ भने धेरै किसान अझै वर्षाको प्रतीक्षामा छन् ।

कृषि विकास कार्यालयका प्रमुख किरण सिग्देलका अनुसार असार २७ गतेसम्म जिल्लामा करिब ३० प्रतिशत मात्र धान रोपाइँ भएको छ । समयमा पानी नपर्नु र सिँचाइ सुविधा नभएका क्षेत्रमा पानीको अभाव हुनु रोपाइँ ढिलाइको मुख्य कारण रहेको उहाँ बताउनुहुन्छ । गत वर्ष भने यो समयमा धेरै रोपाइँ भइसकेको थियो । अघिल्लो वर्षको तुलनामा यस बर्ष रोपाइँ निकै पछाडि परेको प्रमुख सिग्देलले बताउनुभयो । "समयमा पानी नपरेका कारण रोपाइँ ढिला भएको छ । केही ठाउँमा खोलाको पानी तथा अन्य स्रोत प्रयोग गरेर रोपाइँ भइरहेको छ भने धेरै किसान अझै पानीको पर्खाइमा छन्," उहाँले भन्नुभयो ।

धान रोपाइँको समय स्थानअनुसार उत्पादनमा फरक पर्छ । गर्मी क्षेत्रका किसानले केही ढिला रोप्दा पनि उत्पादनमा ठूलो असर नपर्न सक्छ भने चिसो क्षेत्रका लागि समयमै रोपाइँ गर्नु आवश्यक हुन्छ । चिसो क्षेत्रमा ढिलो रोप्दा किराको समस्या आउने, बाली बिग्रने तथा उत्पादनमा असर पर्न सक्ने भएकाले असार १५ भित्रै रोपाइँ सक्नु उपयुक्त हुने उहाँले बताउनुभयो । पछिल्लो समय लमजुङमा स्थानीय जातको धानभन्दा हाइब्रिड जाततर्फ किसानको आकर्षण बढेको छ । हाइब्रिड जातको धान ढिलो रोप्दा तुलनात्मक रूपमा कम असर पर्ने र उत्पादन राम्रो हुने भएकाले किसान त्यसतर्फ आकर्षित हुँदै गएको पाइन्छ । कृषि मजदुरको अभाव र अनुकूल समयमा पानी नपाउनु पनि किसानका लागि चुनौती बनेको छ ।

कृषि विकास कार्यालयका अनुसार लमजुङमा कुल ६१ हजार ८१९ हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये नौ हजार २९९ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ । दोर्दी गाउँपालिकामा पनि यस वर्ष धान रोपाइँ गत वर्षको तुलनामा निकै पछाडि परेको छ ।

गाउँपालिकाका कृषि शाखा प्रमुख निरञ्जन पौडेलका अनुसार असार अन्त्यसम्म पालिकाभित्र करिब ५५ प्रतिशत मात्र रोपाइँ भएको छ । गत वर्ष यही अवधिमा करिब ७० देखि ८० प्रतिशतसम्म रोपाइँ सकिइसकेको थियो । दोर्दी गाउँपालिकाका अधिकांश क्षेत्र आकाशे पानीमा निर्भर छ । स्थायी सिँचाइ सुविधा न्यून रहेका कारण किसान वर्षाको भरमा खेती गर्न बाध्य छन् । पर्याप्त पानी नपर्नु र खेतमा भल नआउनु यस वर्ष रोपाइँ ढिलाइको कारण बनेको छ । दोर्दी गाउँपालिका-४ नौथर सेराका किसान लक्ष्मण गुरुङ पनि ढिला रोपाइँबाट प्रभावित हुनुहुन्छ । करिब आठ रोपनी जग्गा रहेका उहाँले पानी पुगेको क्षेत्रमा मात्र रोपाइँ गर्नुभएको छ । "करिब चारदेखि साढे चार रोपनी जति जग्गामा रोपाइँ भइसकेको छ । बाँकी जग्गामा पानी नभएकाले रोपाइँ रोकिएको छ । पानी परेपछि रोप्ने तयारीमा बसेका छौं," उहाँले भन्नुभयो ।

दोर्दी गाउँपालिका-८ दुबार गाउँकी किसान लालमाया मिजार पनि खेत तयार पारेर पानीको प्रतीक्षामा हुनुहुन्छ । गत वर्ष यही समयमा पाँच-छ हल खेतमा रोपाइँ सकिसकेको भए पनि यस वर्ष गाउँका अधिकांश किसानको रोपाइँ बाँकी रहेको उहाँले बताउनुभयो ।

दुबार, बन्सार, खिमचोक क्षेत्रमा आकाशे पानीकै भरमा खेती गर्नुपर्ने अवस्था छ । विगतमा मूल फुटेर खोला-नाला बढेपछि त्यही पानी प्रयोग गरेर रोपाइँ गर्ने गरिए पनि यस वर्ष पर्याप्त पानी नपरेपछि किसान अन्यौलमा रहन बाध्य छन् ।

अर्कातर्फ लामो समयसम्म रोपाइँ नभएर बीउ राख्दा उत्पादनमा असर पर्ने किसानको चिन्ता छ । सामान्यतया ४० दिनभित्र रोप्नुपर्ने धानको बीउ कतिपय किसानको दुई महिनासम्म पुग्न लाग्दा रोप्न नपाएको किसान मिजारको गुनासो छ । मौसममा आएको फेरबदलले लमजुङका किसानको खेती गर्ने समय र परम्परागत कृषि क्यालेन्डरमा समेत परिवर्तन ल्याएको छ । रोपाइँका लागि खेत र बीउ तयार छ, पानीको अभावले काम रोकिएको धान रोपाइँ प्रभावित भएको छ ।

समयमै रोपाइँ हुन नसक्दा धान पाक्ने समय पछाडि सर्ने र उत्पादन घट्ने किसानमा चिन्ता उत्तिकै छ । असारमा सकिनुपर्ने रोपाइँ साउन कुर्नुपर्ने बाध्यता पर्नुले बदलिँदो प्राकृतिक अवस्थासँग किसानले गरिरहेको सङ्घर्ष उदाहरण बनेको छ ।

## भक्तपुर जिल्ला पूर्ण खोप सुनिश्चित



भक्तपुर । जिल्लाभित्र रहेका सम्पूर्ण बालबालिका अर्थात् १० हजार ७४३ बालबालिकाले सम्पूर्ण खोप पूरा गरेपछि भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालयले मध्यपुरथिमिमा आयोजना गरेको कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरले भक्तपुर जिल्लालाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गर्दै प्रमाणपत्र हस्तान्तरण गर्नुभयो ।

त्यस अवसरमा प्रदेशमन्त्री थापाले खोप कार्यक्रमले बालबालिकाको जीवन रक्षा मात्र नभई स्वस्थ समाज निर्माणको आधार तयार गरेको बताउनुभयो । उहाँले भक्तपुर अस्पतालमा मुटुरोग सेवा विस्तार, ख्वप अस्पतालमा अत्याधुनिक एमआरआई मेसिन जडानका लागि रु १५ करोड बजेट विनियोजन, सूर्यविनायक नगर अस्पताललाई ट्रमा सेन्टरका रूपमा विकास गर्न बजेट छुट्याइएको जानकारी दिनुभयो ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले भक्तपुर अस्पताल मुलुककै उत्कृष्ट अस्पतालका रुपमा स्थापित भएको बताउनुभयो ।

बागमती प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा सुमित्रा गौतमले पूर्ण खोप सुनिश्चितता घोषणाले हरेक वर्ष बाल मृत्युदरमा करिब ८० प्रतिशतले घटेकाले यसको दिगोपना कायम राख्नु ठूलो जिम्मेवारी रहेको धारणा राख्नुभयो । जनस्वास्थ्य कार्यालय भक्तपुरकी प्रमुख अञ्जना खड्काले जिल्लामा जन्मेदेखि १६ महिनासम्मका पाँच हजार ५० बालबालिका तथा १६ महिनादेखि २३ महिनासम्मका पाँच हजार ६८४ बालबालिकाले आवश्यक सबै खोप पूर्ण रुपमा प्राप्त गरेको जानकारी दिनुभयो ।

जिल्ला खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख सुजाता बाडेले पूर्ण खोप सुनिश्चितता घोषणासँगै नियमित अनुगमन, जनचेतना अभिवृद्धि र सेवा विस्तारमार्फत यसको दिगोपना कायम राख्नुपर्ने बताउनुभयो । त्यस अवसरमा पूर्ण खोप सुनिश्चितता अभियान सफल बनाउन योगदान पुऱ्याउने चारै नगरपालिका, स्वास्थ्य कार्यालय, विभिन्न सरोकारवाला निकाय तथा महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरियो ।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण ब्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# शिक्षा मन्त्रालयद्वारा होल्डिङ सेन्टरका विद्यार्थीलाई राहत सामग्री

काठमाडौँ। शिक्षा तथा खेलकुद मन्त्रालयले भक्तपुरको खरिपाटी र बोडेस्थित 'सुकुमवासी होल्डिङ सेन्टर' मा रहेका विद्यार्थीलाई शैक्षिक तथा खेलकुद सामग्री वितरण गरेको छ।

सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले सोमबार खरिपाटीमा रहेका २१ र बोडेमा रहेका १८ जना विद्यार्थीलाई राहत सामग्री हस्तान्तरण गर्नुभएको हो। 'होल्डिङ सेन्टर' मा रहेका विद्यार्थीका लागि झोला, कलम-कापीलगायतका शैक्षिक सामग्रीसहित क्यारम्बोर्ड, ब्याडमिन्टन, चेस, भलिबल लगायतका खेलकुदका सामग्री वितरण गरिएको छ। शिक्षामन्त्री पोखरेलले एक कार्यक्रमबीच शैक्षिक तथा खेलकुद सामग्री वितरण गर्नुहुँदै बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले 'होल्डिङ सेन्टर' मा बस्दै आएका विद्यार्थीको पठनपाठनमा कुनै कठिनाइ नहोस् भन्ने कुरामा मन्त्रालय प्रतिबद्ध रहेको पनि जानकारी गराउनुभयो। यसैगरी, सरकारका प्रवक्ता एवं मन्त्री पोखरेलले 'होल्डिङ सेन्टर' मा बस्दै आएका नागरिकको स्वास्थ्य, सुरक्षासहित समग्र व्यस्थापनका लागि सम्बद्ध मन्त्रालयहरू बीच आवश्यक समन्वयसहित सहकार्य भइरहेकाले ढुक्क भई बस्न अनुरोध गर्नुभयो।

शिक्षामन्त्री पोखरेलले 'होल्डिङ सेन्टर' मा रहका विद्यार्थीको विद्यालय भर्नालगायत आउने जाने क्रममा समस्या देखिए आवश्यक सहजीकरणसहित समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। यसैबीच 'होल्डिङ सेन्टर'मा रहका विद्यार्थीलाई विद्यालय जान-आउन सहज बनाउने उद्देश्यले भोलि मङ्गलबारदेखि 'बस' को व्यवस्था गरिएको मन्त्रालयले स्पष्ट गरेको छ। शिक्षा मन्त्रालयअन्तर्गतका शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पदाधिकारीसहित मन्त्री पोखरेल 'होल्डिङ सेन्टर' पुग्नुभएको हो।

यसअघि आइतबार गृहमन्त्री सुधन गुरुङको नेतृत्वमा सम्बद्ध मन्त्री सम्मिलित टोलीले 'होल्डिङ सेन्टर' को स्थलगत अनुगमन गरी त्यहाँ बस्ने सुकुमवासीको जीवनयापन, उनीहरूले भोगिरहेका समस्या र सरकारी सुविधाका बारेमा जानकारी लिएको थियो।

# नमूना गाउँपालिकाको मार्गमा रोहिणी

सिद्धार्थनगर। रुपन्देहीको रोहिणी गाउँपालिकाले विकास निर्माण, सुशासन, सामाजिक सेवा प्रवाह र जनसहभागिता मूलक आयोजनाको प्रभावकारी कार्यान्वयन मार्फत आफूलाई जिल्लाको उत्कृष्ट कार्यसम्पादन गर्ने स्थानीय तहका रूपमा स्थापित गरेको छ।

आर्थिक वर्षभर सञ्चालन गरिएका विकास कार्यक्रम, भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, रोजगार तथा सामाजिक क्षेत्रमा हासिल भएका उपलब्धिका आधारमा गाउँपालिका नमूना स्थानीय तह बन्ने मार्गमा अघि बढिरहेको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाका सूचना शाखाका अनुसार योजना छनोटदेखि कार्यान्वयन र अनुगमनसम्म जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय नागरिकको सक्रिय सहभागितालाई प्राथमिकता दिइएको छ। आवश्यकता र प्राथमिकताका आधारमा बजेट विनियोजन गरी आयोजनाहरू समयमा सम्पन्न गरिएकाले विकासका प्रतिफल नागरिकले प्रत्यक्ष रूपमा अनुभूति गर्न थालेका गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले बताउनुभयो।

पालिकाभित्र सडक, नाली, पुल, खानेपानी, विद्यालय भवन, स्वास्थ्य संस्था, सामुदायिक पूर्वाधारलगायत भौतिक संरचनाको निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकताका साथ अघि बढाइएको छ। निर्माण भएका पूर्वाधारको गुणस्तर कायम गर्न नियमित अनुगमन, प्राविधिक परीक्षण तथा पारदर्शी कार्यप्रणाली अपनाइएकाले अधिकांश आयोजना प्रभावकारी रूपमा सम्पन्न भएका उहाँले उल्लेख गर्नुभयो। अध्यक्ष यादवले स्थानीय सरकार को मूल उद्देश्य नागरिकको आवश्यकता पूरा गर्नु रहेको बताउँदै विकासलाई जनमुखी बनाइएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "हामीले जनताका वास्तविक आवश्यकता पहिचान गरेर सोहीअनुसार बजेट विनियोजन गरेका छौँ। प्रत्येक आयोजनामा जनसहभागिता सुनिश्चित गरेका छौँ। त्यसको परिणामस्वरूप रोहिणी आज नमूना गाउँपालिका बन्ने मार्गमा अघि बढिरहेको छ। विकास भनेको केवल संरचना निर्माण मात्र होइन, नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु पनि हो।" अध्यक्ष यादवका अनुसार गाउँपालिकाले विकासका सबै क्षेत्रमा सन्तुलित लगानी गर्दै सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रभावकारी बनाएको छ। नागरिकको सुझावलाई नीति तथा कार्यक्रममा समेट्ने अभ्यासलाई पनि निरन्तरता दिइएको उहाँको भनाइ छ। गाउँपालिका ऐतिहासिक तथा धार्मिक दृष्टिले पनि महत्त्वपूर्ण क्षेत्रका रूपमा परिचित रहेको भन्दै अध्यक्ष यादवले गौतम बुद्धसँग सम्बन्धित ऐतिहासिक सभ्यता र शान्तिको सन्देशसँग जोडिएको भूगोलसमेत गाउँ-पालिकाभित्र पर्ने भएकाले यसको पर्यटन सम्भावना उल्लेखनीय रहेको बताउनुभयो। यही सम्भावनालाई उपयोग गर्दै धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासका कार्यक्रम अघि बढाइएको उहाँले जानकारी दिनुभयो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतबहादुर बस्नेतले कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगारीलाई गाउँपालिकाको विकासको प्रमुख आधारका रूपमा अघि बढाइएको बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले कृषि उत्पादन वृद्धि, गुणस्तरीय स्वास्थ्य सेवा, प्रभावकारी शैक्षिक वातावरण, रोजगारी सिर्जना र पर्यटन प्रवर्द्धनलाई केन्द्रमा राखेर योजना कार्यान्वयन गरिरहेका छौँ।

स्थानीय स्रोतसाधन र सम्भावनालाई अधिकतम उपयोग गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने हाम्रो प्रयास छ।" गाउँपालिकाले कृषिलाई आधुनिक, व्यावसायिक र उत्पादनमुखी बनाउन किसानलाई विभिन्न तालिम, प्राविधिक सहयोग, उन्नत बीउविजन, कृषि उपकरण तथा प्रविधिमा पहुँच विस्तार गरेको जनाएको छ। कृषिमार्फत आयआर्जन वृद्धि गर्ने उद्देश्यले समूह तथा सहकारीमार्फत विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन्।

स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम, खोप अभियान, पोषण सुधार, स्वास्थ्य सचेतना तथा नियमित स्वास्थ्य शिविर सञ्चालन गरिएका छन्। गाउँपालिकाले स्वास्थ्य संस्थाको सेवा विस्तारसँगै आवश्यक जनशक्ति तथा उपकरण व्यवस्थापनमा पनि प्राथमिकता दिइएको गाउँपालिका कार्यालयले जनाएको छ।

शिक्षा क्षेत्रमा विद्यालयको भौतिक सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक क्षमता विकास, विद्यार्थीमैत्री वातावरण निर्माण तथा अतिरिक्त शैक्षिक गतिविधिमा विशेष पहल थालिएको अध्यक्ष यादवले बताउनुभयो।

# सञ्चार क्षेत्रको अवस्था, चुनौती र आगामी दिशाबारे डिजिटल मिडिया सोसाइटीसँग छलफल

काठमाडौँ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले डिजिटल मिडिया सञ्चालकहरूको छाता संस्था 'डिजिटल मिडिया सोसाइटी' सँग सञ्चार क्षेत्रको वर्तमान अवस्था, चुनौती तथा आगामी नीतिगत सुधारका विषयमा छलफल गर्नुभएको छ।

सोमबार मन्त्रालयमा भएको छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले सञ्चार जगत बलियो नभई लोकतन्त्र बलियो हुन नसक्ने उल्लेख गर्दै यस क्षेत्रका विद्यमान समस्याहरुको समाधानका लागि सरकार तयार रहेको बताउनुभयो।

पत्रकारिता क्षेत्रलाई अझ बलियो, संस्थागत, विश्वसनीय र व्यावसायिक बनाउन सञ्चार मन्त्रालय प्रतिबद्ध रहेको स्पष्ट गर्नुहुँदै सञ्चारमन्त्रीले मिडिया क्षेत्रसँग सम्बन्धित सबै सरोकारवाला पक्षबाट यसमा सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले पत्रकारिता जगतले आफ्नो गरिमा, विश्वसनीयता र सामाजिक दायित्व कायम राख्न सक्नुपर्नेमा जोड दिनुभयो।

उहाँले सञ्चार क्षेत्रलाई कसरी सुदृढ र मर्यादित बनाउने भन्ने विषयमा सरकारले आवश्यक नीतिगत, कानुनी तथा संस्थागत सुधारका काम अघि बढाइरहेको जानकारी दिनुभयो। गलत, भ्रामक तथा नियोजित रूपमा फैलाइने गलत सूचना, कृत्रिम बुद्धिमत्तामार्फत तयार गरिने नक्कली सामग्री (डिपफेक) तथा झुटा र सनसनीपूर्ण समाचारको प्रकासन एवं प्रसारण बढिरहेकामा चिन्ता व्यक्त गर्नुहुँदै

सञ्चारमन्त्री डा तिमिल्सिनाले सञ्चार क्षेत्रमा देखिएको यसकिसिमको गम्भीर चुनौतीको समाधानका लागि सहकार्य हुन आवश्यक छ भन्नुभयो।

सञ्चारमन्त्रीले विद्यमान नीति तथा कानुनमा सुधार गरी संस्थागत व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरी सूचना तथा प्रविधिको क्षेत्रमा देखिएका चुनौतीको समाधान गरिने स्पष्ट गर्नुभयो। प्रभावकारी नभएका कानुनी व्यवस्थाको पहिचान गरी आवश्यक संशोधन तथा परिमार्जन गर्ने काम सुरु भएको बताउँदै उहाँले भन्नुभयो, "आमसञ्चार विधेयक र मिडिया काउन्सिल विधेयकको मस्यौदामाथि छलफल सुरु भइसकेको छ। सरोकार भएका सबै पक्षबाट प्राप्त हुने रायसुझावका आधारमा ती विधेयकलाई समयानुकुल र व्यावहारिक बनाइने छ। त्यस प्रक्रियामा मिडिया जगतबाट सहयोग प्राप्त हुने विश्वास लिएको छु।"

छलफलका क्रममा डिजिटल मिडिया सोसाइटीका पदाधिकारीहरूले प्रेस काउन्सिलको भूमिका पछिल्लो समय कमजोर बन्दै गएको टिप्पणी गर्दै सञ्चार क्षेत्रको प्रभावकारी नियमन, आत्मअनुशासन र आचारसंहिताको कार्यान्वयनलाई सुदृढ बनाउन काउन्सिललाई थप प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभएको थियो।

प्रेस काउन्सिलको कमजोर भूमिकाका कारण पत्रकार तथा सञ्चार माध्यमको संरक्षण, नियमन र व्यावसायिक अभ्यासमा समस्या देखिएको तथा त्यसले सञ्चार माध्यमप्रतिको सार्वजनिक विश्वाससमेत कमजोर बनाएको उहाँहरुको भनाइ थियो। डिजिटल मिडिया सोसाइटीले पत्रकारिता आचारसंहिताको प्रभावकारी पालना गराउनुपर्ने, सञ्चार माध्यमहरूले जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिनुपर्ने तथा विज्ञापन बजारमा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्न नीतिगत हस्तक्षेप आवश्यक रहेको सुझावसमेत दिएको थियो। छलफलमा सञ्चार क्षेत्रको विश्वसनीयता अभिवृद्धि, डिजिटल पत्रकारिताको संस्थागत विकास, सञ्चार माध्यमको दिगोपना तथा बदलिँदो सूचना प्रविधिसँग मेल खाने कानुनी र नीतिगत संरचना निर्माणका विषयमा समेत छलफल भएको थियो।

# दोवा-सोवाङ-चिमखोला पदमार्ग पहिचान

म्याग्दी। जिल्लाको अन्नपूर्ण गाउँपालिका-१ दोवाबाट सोवाङधुरी हुँदै रघुगङ्गा गाउँपालिका-७ चिमखोला जोड्ने नयाँ पदमार्ग पहिचान भएको छ। पर्यटन विभागको सहयोगमा अन्नपूर्ण-१ र रघुगङ्गा-७ का वडा कार्यालयको समन्वयमा पदमार्गको पहिचान भएको हो।

विज्ञान, प्रविधि तथा नवप्रर्द्धनमन्त्री महाविर पुनको बेनीस्थित सम्पर्क कार्यालयका प्रतिनिधि चित्र तिलिजा पुनले पोखरालाई केन्द्र मानेर दोवा, सोवाङधुरी हुँदै चिमखोला भएर पुन पोखरा फर्कन छ दिनको पदमार्गको पहिचान र सम्भायता अध्ययन गरिएको जानकारी दिनुभयो।

"पदमार्गको अहिलेको अवस्था र पर्यटक भित्र्याउनका लागि आवश्यक पूर्वाधारको विषयमा स्थलगत अध्ययन गरी तयार पारिएको प्रतिवेदन पर्यटन विभागमा बुझाएका छौँ",

उहाँले भन्नुभयो, "धवलागिरि गाउँपालिकाको मुदीबाट गुर्जा हुँदै ढोरपाटन जोड्ने नयाँ पदमार्गको पनि सम्भाव्यता अध्ययन भएको छ।"

परापुर्व कालमा गोठालाले घुम्ती पशुगोठ लेकबेँसी गर्दा प्रयोग गरेको गोरेटो बाटो पहिचान गरेर पदमार्ग बनाउन लागिएको दोवाका विकास पुनले बताउनुभयो।

अन्नपूर्ण गाउँपालिका र मणिबराह युवा क्लबको साझेदारीमा यस वर्ष दोवाबाट पातलखर्क, गरेकखर्क, देउरालीडाँडा, ठूलोखानी, धैरासिर, गुराँसिनीखोला, भिराउटो, सुर्केमेला र हल्टुडे क्षेत्रमा चार किलोमिटर ६०० मिटर पदमार्ग निर्माण भइसकेको छ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन गरेको यस आयोजनाका लागि मणिबाराही युवा क्लबले रु चार लाख २५ हजार ७६५ सहयोग गरेको छ भने स्थानीयले रु एक लाख २४ हजार बराबरको श्रमदान गरेका छन्।

दुई वर्षअघि चिमखोलाका तारा गर्बुजाको पहलमा चिमखोलाबाट तीन हजार ८४० मिटर उचाइमा रहेको सोवाङधुरी जोड्ने पदमार्ग पहिचान गरेर प्रवर्द्धन थालिएको छ।

म्याग्दी र मुस्ताङलाई जोड्ने धौलागिरि आइसफल पदमार्गमा समेटिएको सोवाङधुरीबाट संसारको सातौँ आठ हजार १६७ मिटर अग्लो धवलागिरि हिमालको फेदबाट चुचुरोसम्मको दृष्य अवलोकन गर्न पाउनु मुख्य विशेषता रहेको गर्बुजाले बताउनुभयो।

सुर्योदयका साथै गुर्जा, धवलागिरि, अन्नपूर्ण, निलगिरि, मानापाथी, टुकुचे, माछापुच्छे र मनास्लु हिमशङखलाको अवलोकन गर्न सकिन्छ। बाग्लुङ बजार, ढोरपाटन शिकार आरक्ष, पुनहिल, मोहरेडाडा, मुल्डे, खोपारा, टोड्केका साथै म्याग्दी र पर्वत जिल्लाका ग्रामीण बस्ती, पहाडी भूगोलको मनोरम दृष्य देखिन्छ।

बेनी-जोमसोम सडक निर्माणपछि १६ वर्षअघि म्याग्दी र मुस्ताङ जोड्ने धौलागिरि आइसफल पदमार्गको पहिचान भएको थियो।

रघुगङ्गा गाउँपालिकाको राखुबाट सुरु हुने यो पदमार्ग मुस्ताङको लेते जोडिन्छ। मुख्य पदमार्ग नजिकका बस्तिबाट जोड्ने सहायक पदमार्गको विकास गर्ने काम भइरहेको छ।

## श्री ठूलो ढुङ्गा महादेब सामुदायीक वन उपभोक्ता समुह

गजुरी गा.पा. वडा नं. ३, धादिङ

### काठ लिलाम बिकी सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/३०)

यस ठूलो ढुङ्गा महादेब सामुदायिक वन उपभोक्ता समूह गजुरी गा.पा.वडा नं. ३ ले डिभिजन वन कार्यालय धादिङको च.नं.२५६२, मिति २०८३/०३/२९ को लिलाम विक्री सहमती अनुसार गजुरी गा.पा. वडा नं. ३, मजुवाटार, धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार गोलिया (काठ) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र जिल्ला डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस ठूलो ढुङ्गा महादेब सामुदायिक वन उपभोक्ता समूह, गजुरी गा.पा. वडा नं. ३, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ।

तपसिल

| लट नं. | जात | थान | ग्रेड | परिमाण क्यू. | न्यूनतम मूल्य रू. | संकलन |
|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | खोटेसल्ला | ३३ | A | ३७२.२८ | ९३,०७०।- | नियमानुसार |
| | खोटेसल्ला | १३९ | B | ९२९.४४ | १,३९,४१६।- | |
| | | १७२ | | १३०१.७२ | २,३२,४८६।- | |

थप जानकारीको लागी : श्री राम कुमार प्रजा, अध्यक्ष सम्पर्क नं. ९८४३६२८४९८

## नेपालको समृद्धिमा पर्यटन क्षेत्र महत्वपूर्ण आधार

मोरङ। कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपालको समृद्धिका लागि पर्यटन क्षेत्र एक महत्वपूर्ण आधार भएको बताउनुभएको छ। कोशी प्रदेश योजना आयोगद्वारा सोमबार मोरङमा आयोजित प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य छनोट मापदण्ड निर्धारण विषयक कार्यशाला गोष्ठीको उद्घाटन गर्दै उहाँले नेपालको ऊर्जा, खानीभन्दा पर्यटन क्षेत्र आर्थिक समृद्धिको लागि महत्वपूर्ण आधार भएको उल्लेख गर्नुभयो।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले आगामी साउनदेखि विसं २०८५ सम्म कोशी भ्रमण वर्ष मनाउँदै पर्यटन प्रवर्द्धनमा अघि बढ्नका लागि पनि पर्यटन विकासको गुरुयोजना आवश्यक भएको उल्लेख गर्नुभयो। उहाँले प्रदेश सरकारले २०८२ लाई भ्रमण वर्ष मनाउँदा ८२ वटा गन्तव्य छनोट गरिएको जनाउँदै उक्त सङ्ख्या बढी हुँदा व्यवस्थापनमा कठिनाइ भएकाले यसपटक गुरुयोजना बनाउँदा २० वटा मात्र महत्वपूर्ण गन्तव्य छनोट गरेर त्यसलाई पूर्वाधारलगायत सबै सुविधासहित उत्कृष्ट बनाउने लक्ष्य राखिएको जानकारी दिनुभयो।

प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुलीले प्रदेशमा रहेका प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक पर्यटकीय क्षेत्रहरूको पहिचान र विकासका लागि वैज्ञानिक मापदण्ड तयार पारिनु अत्यन्त आवश्यक रहेको उल्लेख गर्नुभयो।

गोष्ठीमा प्रदेश योजना आयोगका उपाध्यक्ष तारानाथ निरौलाले कार्यपत्र प्रस्तुत गर्दै ऐन परिमार्जन गरी सार्वजनिक-निजी क्षेत्रको साझेदारीमा गन्तव्य क्षेत्रको विकास गरेमा दिगो हुने धारणा राख्नुभयो। प्रदेश योजना आयोगका सदस्य किशोर राईले 'कोशी प्रदेश एकीकृत पर्यटक विकास गुरुयोजना' सम्बन्धी आवधारणापत्र, पर्यटनविज्ञ सुमित बरालले 'प्रमुख पर्यटन गन्तव्य छनोटका राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यास' र डा रोशन शेरचनले 'पर्यटनः आर्थिक समृद्धिको आधार' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यशालामा विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, विभिन्न क्याम्पसमा होटल व्यवस्थापन विषय अध्ययन गरिरहेका विद्यार्थीहरूको सहभागिता थियो।

## त्रिभुवन, भीमफेदी, कुलेखानी र कान्तिलोकपथमा सवारी सञ्चालनमा रोक

मकवानपुर। मकवानपुरको विभिन्न गाउँपालिका क्षेत्रमा सोमबार दिनभर अविरल वर्षा भइरहेकाले विभिन्न स्थानमा पहिरो जानसक्ने सम्भावना बढेको भन्दै सवारी सञ्चालनमा रोक लगाइएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरद्वारा जारी सूचनामा त्रिभुवन राजपथको दामन-पालुङ हुँदै काठमाडौँतर्फ जाने सबै प्रकारका सवारीसाधनलाई आज साँझ ५:०० बजेदेखि मङ्गलबार बिहान ५:०० बजेसम्मका लागि सञ्चालनमा रोक लगाइएको जनाइएको छ। हेटौँडास्थित चौकीटोलबाट जिल्ला प्रहरी कार्यालयद्वारा खटिएको प्रहरी टोलीले सोमबार साँझ ५:०० बजेदेखि काठमाडौँ र भीमफेदीतर्फ जाने सवारीसाधनलाई पूर्ण रूपमा रोक लगाएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मोहन राजजोशीले राससलाई जानकारी दिनुभयो। हेटौँडा-काठमाडौँ जोड्ने कान्तिलोक पथका लागि पनि जिल्ला प्रशासन कार्यालयले प्रत्येक दिन साँझ ५:०० बजेदेखि बिहान ५:०० बजेसम्मका लागि सबै प्रकारका सवारी सञ्चालन गर्न रोक लगाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरिक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो। स्थानीय चौघडाबाट प्रहरीको समन्वयमा सवारी सञ्चालनमा रोक लगाइएको उहाँले बताउनुभयो।

## बाढीले निर्माणाधीन माथिल्लो मोदी ए जलविद्युत् आयोजनामा क्षति

गण्डकी। कास्कीको अन्नपूर्ण गाउँपालिका-११ स्थित किम्रुङ खोलामा आएको बाढीले सोही स्थानमा निर्माणाधीन माथिल्लो मोदी 'ए' जलविद्युत् आयोजनामा क्षति पुर्याएको छ।

आयोजनास्थलमा रहेका विभिन्न भौतिक संरचना र उपकरणमा आइतबार लेदोसहितको बाढी पसेको थियो। बाढीले कङ्क्रिट उत्पादन केन्द्र (ब्याचिङ प्लान्ट), गिट्टी प्रशोधन केन्द्र (क्रसर प्लान्ट) लगायत संरचनामा क्षति पुर्याएको आयोजनाका प्राविधिक कुमारमधु बेलवासेले जानकारी दिनुभयो। "आयोजनास्थल जोड्ने सडक पनि ठाउँठाउँमा भत्केको छ, ड्रम, पाइपलगायत निर्माण सामग्री बाढीले बगाएको छ", उहाँले भन्नुभयो, "आयोजनामा भएको क्षतिको विस्तृत विवरण सङ्कलन गर्दैछौँ।" पहुँच मार्गमा क्षति पुगेपछि आयोजनास्थल आवातजावत गर्न पनि कठिनाइ सिर्जना भएको आयोजनाका प्राविधिक बेलवासेले बताउनुभयो।

घान्द्रुक प्रहरी चौकीका प्रहरी सहायक हवल्दार सागर चौधरीले आयोजनास्थलमा निर्माण गरिएका सुरुङ र अस्थायी टहरामा पनि बाढी पसेको बताउनुभयो। उहाँले रु एक करोड बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिनुभयो। बयालिस मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजना दुई वर्षअघि ठेक्का सम्झौता भई निर्माण सुरु भएको थियो।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीमार्फत रु १० अर्ब ५७ करोडको लागतमा उक्त आयोजना निर्माण हुन लागेको हो। किम्रुङ खोलाको बाढीले झोलुङ्गे पुलसमेत बगाएको थियो।

किम्रुङ खोला हुँदै मोदी खोलामा मिसिएको बाढीले अन्नपूर्ण गाउँपालिका-८ र १० को सीमाना स्याउली बजारमा एक घर, रेष्टुराँ र घान्द्रुक जोड्ने सडकमा क्षति पुगेको थियो।

## एघार महिनामा २१ खर्ब २० अर्ब रेमिट्यान्स भित्रियो

काठमाडौँ। चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिनामा विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भएको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आवको जेठ मसान्तसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीयस्थिति प्रतिवेदनअनुसार गत जेठ मसान्तसम्म विप्रेषण आप्रवाह ३८ दशमलव दुई प्रतिशतले वृद्धि भई रु २१ खर्ब २० अर्ब ८० करोड पुगेको छ।

गत जेठमा मात्र विप्रेषण आप्रवाह रु दुई खर्ब तीन अर्ब ८९ करोड रहेको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु एक खर्ब ७६ अर्ब ३२ करोड थियो। प्रतिवेदनअनुसार यो अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु २३ दशमलव २१ अर्ब सात करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु १६ खर्ब ६९ अर्ब ५१ करोड रहेको थियो।

गत जेठ मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या तीन लाख ६७ हजार २११ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या तीन लाख ५५ हजार ७३५ रहेको राष्ट्र बैंकले जनाएको छ।

## अत्यावश्यकबाहेक यात्रा नगर्न चितवन प्रशासनको अनुरोध

चितवन। निरन्तर भइरहेको वर्षाका कारण हुनसक्ने सम्भावित बाढीपहिरोको जोखिमलाई मध्यनजर गर्दै अत्यावश्यक बाहेक यात्रा नगर्न जिल्ला प्रशासन कार्यालय चितवनले सर्वसाधारणलाई अनुरोध गरेको छ। वर्षाका कारण बाढीपहिरो जानसक्ने भएकाले अत्या-वश्यकबाहेक नारायणगढ-मुग्लिन सडकखण्ड र पृथ्वी राजमार्गमा यात्रा नगर्न स्थानीय प्रशासनले सबैमा अनुरोध गरेको हो।

सहायक प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी शर्माद्वारा जारी सूचनामा उक्त सडकखण्डका विभिन्न स्थानमा पहिरो जानसक्ने भएकाले यात्रा गर्दा नजिकको सुरक्षा निकायसँग समन्वय गर्न अनुरोध गरिएको छ। स्थानीय सरकार, डिभिजन सडक कार्यालयलगायत सरोकार भएका निकायसँग समन्वय गर्न पनि आग्रह गरिएको छ।

जिल्ला विपद् व्यवस्थापन समितिको सोमबार बसेको बैठकले निरन्तर रूपमा परेको वर्षात्का कारण नारायणगढ-मुग्लिन सडकखण्डसहित अन्य राष्ट्रिय राजमार्गका विभिन्न स्थानमा पहिरोले सडक अवरुद्ध हुनसक्ने भन्दै यात्रुलाई सतर्कता अपनाउन आग्रह गरेको हो। बाढीपहिरोको जोखिमलाई मध्यनजर गर्दै सुरक्षा निकाय, सडक, सिँचाइ तथा जल स्रोत आयोजना, वन लगायतका निकायलाई मेसिनरी औजार सहित तयारी अवस्थामा रहनसमेत निर्देशन दिइएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार समितिको बैठकले तुईन खोला र सेती दोभानमा पहिरोको उच्च जोखिम रहेको औँल्याएको छ।

बैठकले मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै पुरानो होल्डिङ सेन्टरलाई खाली गर्न निर्देशन दिएको छ।

विपद् व्यवस्थापन समितिको बैठकले नदी तटिय क्षेत्रमा बसोबास गर्नेहरूलाई उच्च सर्तकता अपनाउन आग्रह गरेको छ।

## कोशी प्रदेशमा : प्रदेश सञ्चार प्रतिष्ठान गठन

विराटनगर। कोशी प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद् बैठकले 'प्रदेश सञ्चार प्रतिष्ठान' गठन गर्ने निर्णय गरेको छ। प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री एवं सरकारका प्रवक्ता इन्द्रमणि पराजुलीका अनुसार बैठकले प्रतिष्ठानको अध्यक्ष, रजिष्ट्रार र सदस्यसमेत नियुक्त गरिएको हो।

नवगठित प्रतिष्ठानका अध्यक्षमा मोरङका पत्रकार दीपक दाहाल, रजिष्ट्रारमा सुनसरीका पत्रकार लिलाराज भट्टराई, सदस्यहरूमा पत्रकार शान्ति दाहाल (मोरङ), रमेशचन्द्र अधिकारी (धनकुटा), माला पालुङ्वा (ताप्लेजुङ),रेणु पराजुली (उदयपुर), विष्णुप्रसाद पोखरेल(झापा), अर्जुन राजवंशी (झापा) र ध्रुव ढकाल (सुनसरी) रहेका सरकारका प्रवक्ता पराजुलीले जानकारी दिनुभयो। उहाँका अनुसार 'कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२' अनुसार नेपाल पत्रकार महासङ्घ कोशी प्रदेश समितिका अध्यक्ष पदेन सदस्य रहने व्यवस्था गरिएको छ। राजपत्रमा उल्लेखित प्रस्तावनाअनुसार प्रदेशभित्र स्थापना हुने वा स्थापना भई सञ्चालनमा रहेका आमसञ्चार माध्यमको दर्ता, नवीकरण, नियमन, अनुगमन तथा अभिलेखीकरणको व्यवस्था गर्न यो ऐन ल्याइएको उहाँले जानकारी दिनुभयो।

## बौलाहा खोलामा मोटरेबल पुल निर्माण

त्रिवेणी (नवलपरासी)। नवलपरासी (बर्दघाट सुस्ता-पूर्व) नवलपुरको देवचुली नगर-पालिका-३ र देवचुली नगरपालिका-१२ लाई जोड्ने बौलाहा खोलामाथिको मोटरेबल पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। पुल सञ्चालनमा आएपछि वर्षायाममा खोला तरेर जोखिमपूर्ण यात्रा गर्नुपर्ने स्थानीयवासीको वर्षौँदेखिको बाध्यता अन्त्य भएको हो।

पैतालिस मिटर लामो उक्त पुल गण्डकी प्रदेश सरकारको लगानीमा बर्दश-देवचुली जेभीले रु छ करोड ३० लाख ५८ हजार ६५२ को लागतमा निर्माण सम्पन्न भएको हो। विसं २०८१ मा निर्माण कम्पनीसँग विसं २०८३ जेठभित्र काम सम्पन्न गर्ने सम्झौता भएकामा तोकिएको समयमा सकिएर सञ्चालनमा आएको हो।

करिब दुई वर्षअघि सम्झौता भई काम थालिएको पुल तोकिएको समयमा सम्पन्न भई सञ्चालनमा आएको देवचुली नगरपालिका-१२ का वडाध्यक्ष लोकप्रसाद भुर्तेलले जानकारी दिनुभयो। उहाँका अनुसार पुल सञ्चालनमा आएपछि स्थानीयलाई आवतजावतमा सहजता भएको छ। विशेषगरी वर्षायाममा बौलाहा खोलामा पानीको बहाव बढ्दा विद्यार्थी, किसान, व्यापारी तथा सर्वसाधारणले सास्ती खेप्नुपर्ने अवस्था अब अन्त्य भएको उहाँको भनाइ छ। पुल सञ्चालनसँगै बेलचौतारी हुँदै देवचुली-१२ र देवचुली-३ बीच सुरक्षित, सहज र नियमित आवतजावत सम्भव भएको स्थानीय बताउँछन्। स्थानीयका अनुसार पुलले दुई वडाबीचको भौतिक सम्पर्क मात्र मजबुत बनाएको छैन, कृषि उत्पादनको ढुवानी, शिक्षा र स्वास्थ्य सेवामा पहुँच विस्तार तथा स्थानीय बजारसँगको सम्बन्धलाई समेत थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ। यसले समग्र स्थानीय आर्थिक गतिविधि र विकासलाई गति दिने विश्वास गरिएको छ। देवचुली नगरपालिका-३ का वडाध्यक्ष होमनाथ पौडेलका अनुसार पुल निर्माणसँगै कावासोतीबाट रजहरसम्मको मुख्य राजमार्गको वैकल्पिक सडकका रूपमा पनि यो मार्ग प्रयोग गर्न सकिन्छ। पूर्व-पश्चिम राजमार्गमा कुनै अवरोध वा समस्या उत्पन्न भए भित्री सडकमार्फत यही पुल प्रयोग गरेर सहज रूपमा यात्रा गर्न सकिने उहाँले बताउनुभयो।


## श्री बेनीपाखा सामुदायीक वन उपभोक्ता समुह

सिद्धलेक गा.पा. वडा नं. ४, धादिङ

**काठ लिलाम बिकी सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०३/३०)

यस बेनीपाखा सामुदायिक वन उपभोक्ता समूह सिद्धलेक गा.पा.वडा नं. ४ ले डिभिजन वन कार्यालय धादिङको च.नं.२५६१, मिति २०८३/०३/२९ को लिलाम विक्री सहमती अनुसार सिद्धलेक गा.पा. वडा नं. ४, आरबासाटार, धादिङमा घाटगद्दी भएका तपसिल बमोजिमका वन पैदावार गोलिया (काठ) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले पहिलो पटक यो सुचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं.मा दर्ता भई सूचीकृत भएका इच्छुक फर्म, सःमिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र जिल्ला डिभिजन वन कार्यालय धादिङ वा यस समूहबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र यस बेनीपाखा सामुदायिक वन उपभोक्ता समूह, सिद्धलेक गा.पा. वडा नं. ४, धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि कार्यालयमा प्रकाशित विस्तृत सूचना हेर्नु हुन अनुरोध छ।

तपसिल

| लट नं. | जात | थान | ग्रेड | परिमाण क्यू. (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च |
|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | खयर | ५८१ | A | ४४७.१० | ४,४७,१००।- | नियमानुसार |
| | | ५८१ | | ४४७.१० | ४,४७,१००।- | |

थप जानकारीको लागीः श्री राम प्रसाद सेढाई, अध्यक्ष सम्पर्क नं. ९८४१७५६२४२


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com